नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्स: :०९६-४२०१५३
daodadeldhura133@gmail.com
खलङ्गा, डडेल्धुरा

पत्रसंख्या :- २०७७/०७८/प्र.
चलानी नं. :-

मिति :- २०७८/ ०३/ २४

## डडेल्धुरा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

यस जिल्लामा नयाँ भेरियन्टको कोभिड-१९ महामारीको संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०३/२५ गते राती १२:०० बजेसम्म जारी निषेध आदेशलाई मिति २०७८/०३/३१ गते राती १२:०० बजेसम्म डडेल्धुरा जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

**१.सर्वसाधारणको आवतजावतको हकमा**

क. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्किने ।

ख. दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने । पटक-पटक साबुन पानीले हातधुने र सेनिटाइजरको प्रयोग गर्ने ।

**२.अत्यावश्यक सामग्री खरिदका सम्बन्धमा:**

क. औषधि तथा स्वास्थ्य सामग्रीका पसल २४ घण्टा नै खुला गर्ने ।

ख. खाद्य सामग्रीका पसलहरु, तरकारी, दुग्धजन्य तथा मासु पसल र स्टेशनरी पसलहरु बिहान ०७:०० बजे देखि साँझ ०७:०० बजेसम्म खुला गर्ने ।

ग. खाद्य सामग्री, ग्रोसरी, औषधि पसल लगाएत सबै पसलहरु एवं व्यवसाय संचालन गर्दा नेपाल सरकारले तोकेका जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालना गरेर मात्र संचालन गर्ने ।

घ. अत्यावश्यक उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव देखाई मूल्य बृद्धि, कालोबजारी वा जम्माखोरी गर्ने, लुकाउने वा आपुर्तिमा अवरोध सृजना गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गर्ने ।

**३. सभा सम्मेलनको हकमा**

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, क्लव, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, पुस्तकालय, संग्रहालय, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. विवाह ब्रतबन्धको हकमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने । होटल तथा पार्टी प्यालेसमा गर्न नपाउने ।

ग. विवाह वा ब्रतबन्धको हकमा १ वटा सवारी साधन (बेहुला बेहुली समेत) प्रयोग गर्ने गरी ब्यानरका आधारमा आवतजावत गर्न पाउने ।

घ. पुजारीबाट हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने ।

**४. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा:**

क. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन सम्बन्धमा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड बमोजिम जिल्लाभर सञ्चालन गर्ने ।

ख.शैक्षिक संस्थाहरु भौतिक उपस्थितीमा पठन पाठन गराउन र सञ्चालन गर्न/गराउन नपाईने ।

क्रमश:



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. :०९६-४२०१३३
:०९६-४२०५५५
फ्याक्सः :०९६-४२०१५३
daodadeldhura133@gmail.com
खलङ्गा, डडेल्धुरा

ग. स्वास्थ्य मापदण्डको पालना गर्दै फेन्सि, फर्निचर, भाँडा वर्तन पसल लगाएत अन्य पसलहरु बिहान ०७:०० बजे देखी बेलुका ०५:०० बजेसम्म सञ्चालन गर्ने । साथै सो समयमा होटल र रेष्टुरेण्टले खाना प्याक गरी Take way सेवा दिन सक्ने छन् ।

५. औषधी तथा स्वास्थ्य सामाग्री सम्वन्धि पसल जुनसुकै समय निर्वाध रुपमा संचालन गर्न पाइने ।

६. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गर्ने । यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले मिति २०७८/०२/१२ गते देखि निरन्तर रुपमा सूचना जारी गरेको ।

२०७८/०३/२८
हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी